# अर्थिक वर्ष २०८१/०८२ को
# बजेट वक्तव्य

सानीभेरी गाउँपालिका

सानीभेरी गाउँपालिका  उपाध्यक्ष कमला रोका पुन ज्यूले

पेश गर्नु भएको बजेट

१५ औं गाउँसभामा पेश मितिः २०८१/०३/१०

## सानीभेरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)

**गाउँसभाका सभाध्यक्ष महोदय,**
**सानीभेरी गा.पा.का प्रथम उपाध्यक्ष इन्दिरा वली ज्यु**
**उपस्थित सम्पुर्ण गाउँ सभा सदस्य ज्यू हरु**

उपस्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यु सुरक्षा निकाय पत्रकार र सामाजिक सञ्जाल तथा रेडियोमा प्रत्यक्ष लाईभ वा सुनेर बसेका सम्पुर्ण महानुभावहरु

यस पन्ध्रौ गाउँसभामा गाउँकार्यपालिकाको उपाध्यक्ष को हैसियतले आगामी आ.ब. २०८१।८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

१. आर्थिक बर्ष २०८१/८२ को बजेट प्रस्तुत गरिरहदा म संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना लागि समय- समयमा भएका राजनीतिक आन्दोलनहरु, महान जनयुद्व, जनआन्दोलन, विभिन्न समयमा भएका क्रान्तिहरु तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात - अज्ञात शहीदहरुप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।साथै घाइते आपांग र बेपत्ता नागरिकहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली स्थापना गरी प्रत्यक्ष लोकतन्त्रको अनुभुति हुने स्वायत्त स्थानीय शासनको स्थापना गर्नमा हरेक तह र तप्काबाट योगदान दिनुहुने आम सानीभेरी बासी आमा, बुबा, दाजुभाइ ,दिदि, बहिनी सम्पुर्णलाई नमन गर्न चाहन्छु ।

२. संवत २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्पबाट ज्यान गुमाउने सानीभेरीबासी लगायत सबैमा हार्दिक श्रद्दान्जली अर्पण गर्दै घाईते तथा अपाङ्गता भएका सबैमा स्वास्थ्य लाभको कामना गर्दछु।भुकम्पको समयमा भएको सहयोग र सदभावको खुलेर प्रशंसा गर्दछु ।

३. आगामी आ.व.को बजेटलाई आत्मनिर्भर तथा समृद्व सानीभेरी गाउँपालिका निर्माणको लागि कोशेढुङ्गा साबित हुने बजेटको रूपमा मैले लिएको छु । गुणस्तरीय शिक्षा, उत्पादनमुखी कृषि प्रणाली, बञ्चितीकरण रहितको सामाजिक न्याय र समानतामा आधारित समावेशी सानीभेरी, निर्माणको जग बसाल्नमा यस बजेटले मद्दत गर्नेमा मैले विश्वास लिएको छु ।

४. आगामी बजेट सेवा, विकास, सुशासन र सामाजिक न्यायको बढोत्तरी मार्फत समृद्व सानीभेरी गाउँपालिका निर्माणमा लक्षित हुनेछ ।उत्पादनमा आत्मनिर्भरता र व्यावसायिकता मार्फत स्वरोजगारी सृजना गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

५. हाम्रो गाउँपालिकाको आन्तरिक स्रोत, संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानका आधारमा गाउँपालिका भित्र रहेका विभिन्न जात जाति, लिङ्ग, भाषा, धर्म, पेशा, बर्ग र क्षेत्रका

सानीभेरी गाउँपालिका

आम नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न र निर्वाचनको समयमा घोषणापत्रमा गरिएका वाचाहरू पुरा गर्न बजेट केन्द्रित गरिएको छ ।

६. सीमित स्रोत साधनलाई नागरिकको असिमित आकांक्षा पुरा गर्न आबश्यकता अनुसार प्राथमिकिकरण गरी योजना अनुरुप कार्यान्वयन गर्ने प्रयास गरेको छु । विनियोजित बजेटको कुशल एवं मितव्ययी रूपमा परिचालन गरी अपेक्षित उपलब्धी हासिल हुनेमा म विश्वस्त छु ।

**गाउँसभाका सभाध्यक्ष महोदय,**
**अब म चालू आर्थिक बर्ष २०८०।८१ को बजेट कार्यन्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

७. मुलुकमा बढ्दै गएको आर्थिक संकट तथा खुम्चिदै गएको अर्थतन्त्रका कारण संघीय राजश्व लक्ष्य अनुसार प्रगति हुन नसकेकोले संघबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानीकरण अनुदान अन्तिम किस्ताको रकम २६% ले कमी हुन आइ गाउँपालिकाका योजना तथा कार्यक्रमहरु कार्यन्वयन र भुक्तानीमा समस्या भएको अबस्था छ । गाउँपालिकाको आन्तरिक स्रोत बलियो र पर्याप्त नभएको स्थितिमा चालू आ.व.का योजना तथा कार्यक्रमहरु कार्यन्वयन गर्न निकै चुनौतीपूर्ण हुने देखिन्छ ।

८. चालु आ.व. २०८०/८१ मा यस सानीभेरी गाउँपालिकाको लागि संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत वित्तिय समानीकरण अनुदान रकम रु.९ करोड ९ लाख, शसर्त अनुदान चालु रू. २० करोड ३२ लाख ६४ हजार शसर्त अनुदान पुंजिगत रू. १ करोड ४९ लाख ८६ हजार, बिशेष अनुदान पुंजिगत चालु रू. ५० लाख बिशेष अनुदान पुंजिगत चालु रू. ७५ लाख समपुरक अनुदान रू. ५० लाख गरी जम्मा रू.३१ करोड ४२ लाख ७५ हजार रूपैयाँ बिनियोजन भएकोमा हालसम्म प्राप्त भएको रकम रु २९ करोड ८३ लाख ४२ हजार ५ सय रहेको छ ।

९. त्यसै गरी चालू आ.व.मा कर्णाली प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान अर्न्तगत रू. ९७ लाख ६७ हजार, शसर्त अनुदान पुँजीगत रू.४ करोड ४५ लाख शसर्त अनुदान चालू रू.१३ लाख ८८ समपुरक अनुदान पुँजीगत ५० लाख गरी जम्मा रू. ६ करोड ६लाख ५५ हजार अनुमान प्राप्त भएकोमा हालसम्म रु.२ करोड ८६ लाख ९५ हजार प्राप्त भएको छ ।

सानीभेरी गाउँपालिका

१०. त्यसै गरी राजश्व बाँडफाँडबाट संघ तथा प्रदेश सरकारबाट रू.९ करोड १६ लाख ६५ हजार २१ रूपैयाँ अनुमान प्राप्त भएकोमा हालसम्मको राजश्व रकम ६ करोड ८८ लाख १८ हजार १ सय ४१ रहेको छ भने सानीभेरी गाउँपालिकाको राजस्व बाँडफाडबाट ५१ लाख अनुमान गरेकोमा रु.१२ लाख ५५ हजार ५ सय प्राप्त भएको छ ।

११. त्यसै गरी गाउँपालिकाको आन्तरिक आयबाट रू. १ करोड ६१ लाख २४ हजार ५ सय ७७ र बैंक मौज्दात अल्या रकम रू.१ करोड गरी कुल बजेट रू. ५१ करोड १ लाख ९४ हजार ४ सय ९८ विनियोजन गरिएको थियो । जस मध्ये यो सभा चलिरहदा सम्म विनियोजित स्वीकृत बजेटको पुंजिगत र चालु गरी ४१ करोड ६४ लाख ३९ हजार २ सय ५१ रुपैया अर्थात ८१.६२ प्राप्ति भएकोमा ३२ करोड २० लाख २९ हजार ७ सय २६ खर्च भएको छ ६३.११ प्रतिशत खर्च भएको अवस्था छ।

१२. चालू आ.व. को गाउँपालिकाको समग्र प्रगति बिबरण र मुख्य मुख्य आर्थिक, सामाजिक एवं पूर्वाधारसंग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको बिबरणहरु अनुसूचीमा समाबेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

१३. विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई स्थानीय अर्थतन्त्र समेत दवावको स्थितिमा रहेको छ ।हाम्रो गाउँपालिकाको दिगो र भरपर्दा आर्थिक स्रोतहरु नभएकोले गर्दा संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान र राजश्वबाट बजेट बिनियोजन गर्नुपरेको अबस्था छ । हामीसंग प्राप्त हुने स्रोत साधनको समूचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक र नतिजामुखी बनाई विकास र समृद्धिका आकाँक्षाहरु पूरा गर्नुपर्ने चुनौती हाम्रो सामू रहेको छ ।

१४. सानीभेरी गाउँपालिका भौगलिक रुपमा विकट, आर्थिक तथा सामाजिक रुपमा पछाडि र विकासको दृष्टिकोणले विस्तारै गुणात्मक फड्को लिइरहेको अवस्थामा विनाशकारी भुकम्पले धेरै मानिसहरुलाई गरिवी र बेचैनीतिर धकेलेको छ। यस स्थितिमा गाउँपालिकाको सामाजिक न्याय र समानता सहितको विकास ब्यबस्थापन गरी मानव संशाधन विकासमा गुणात्मकता हासिल गर्नु र समयमै पुनर्निर्माणका काम सकी जनतालाई पुरानै लयमा फर्काउनु हाम्रो लागि अर्को चुनौतीको रुपमा रहेको छ ।

१५. मुलुकको अर्थतन्त्रमा गुणात्मक सुधार आइ गाउँपालिकाको आर्थिक विकासमा समेत थप अवसर सृजना हुने आशा लिएको छु ।भुकम्पले तहसनहस बनाएका निजी र सार्वजनिक संरचना

सानीभेरी गाउँपालिका

पहिलेको भन्दा अझ बलिया रुपमा पुनःनिर्माण भई विपद उत्थानशील क्षमता वृद्धि हुने हुनेमा विश्वस्त छु ।

सभाध्यक्ष महोदय,

१६. माथि उल्लिखित चुनौती र अवसरलाई मनन् गर्दै सानीभेरी गाउँपालिकाको दोस्रो पञ्चबर्षीय आवधिक योजनाले बोकेको "समृद्ध सानीभेरीः सुखी सानीभेरीबासी" को सपना साकार पार्न आगामी आर्थिक बर्ष २०८१/०८२ का बजेटका ५ उद्देश्यहरु देहाय बमोजिम रहेका छनः

१. उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु,
२. मानव संशाधनको विकास गर्नु,
३. उपलब्ध स्रोत साधनको मितव्ययी, सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरीबी तथा बेरोजगारी न्यूनीकरण गर्नु,
४. विकासमा अन्तरतह र अन्तरनिकाय समन्वय र सहकार्य मार्फत दिगो एवं गुणस्तरीय भौतिक पूर्वाधार निर्माण गर्नु, र
५. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्नु,

बजेटका पाँच प्राथमिकता देहाय बमोजिम तय गरेको छुः-

१. कृषि क्षेत्रको रुपान्तरण र व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धन र आर्थिक विकास
२. शिक्षा, स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास,
३. गुणस्तरीय,दिगो र पर्यावरणमैत्री पूर्वाधार निर्माण,
४. वातावरण संरक्षण र विपद् व्यवस्थापन र
५. सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा सुधार,

अब म आर्थिक सुधारका पाँच रणनिति प्रस्तुत गर्दछुः-

१. आर्थिक विकासका क्षेत्रहरु कृषि,पशु,लघु उद्यम र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्दै नागरिकको आय तथा रोजगारीमा अभिवृद्धि गर्ने र व्यावसायिक कृषि तथा पशुपालन मार्फत युवाहरुलाई आर्थिक विकासमा परिचालन गर्ने,
२. गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक क्षेत्रको विकासका लागि स्रोत र साधनको अधिकतम परिचालन मार्फत मानव संशासन विकास गर्ने,
३. असमानता, विभेद र शोषणमूक्त समावेशी समाज निर्माण गर्न सहभागितामूलक शासन प्रणाली अबलम्बन गर्ने,
४. सन्तुलित र समन्यायिक विकास पद्दति अबलम्बन गर्दै गुणस्तरीय र एकीकृत विकास ब्यबस्थापनलाई प्रभावकारी बनाउने र
५. सार्वजनिक प्रशासनको संरचनागत, कार्यात्मक र व्यवहारगत सुधार र सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम् उपयोग गरी सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने,

सानीभेरी गाउँपालिका

सभाध्यक्ष महोदय,

१७. बजेटले लिएका उद्देश्यहरु र प्राथमिकताहरु हासिल गर्न देहाय बमोजिमका सुधारका प्रस्तावहरु पेश गरेको छु।

१८. आगामी बर्ष बजेट निर्माणका चरणबद्ध कार्यहरुलाई समयमै शुरु गरी गाउँसभामा पेश गर्ने व्यवस्था मिलाइनेछ । यसबाट बजेट पेश गर्ने समयमा हतारमा काम गर्न नपर्ने साथै यथार्थपरक बजेट निर्माणमा टेवा पुग्ने विश्वास लिएको छु।

१९. आगामी आर्थिक बर्षको बजेट कार्यन्वयन योजना साउन मसान्तभित्रै स्वीकृत गरी कार्यन्वयनमा ल्याइनेछ । उक्त कार्ययोजना कार्यन्वयनका आधारमा खरीद योजना, ठेक्का ब्यबस्थापन, जनशक्ति ब्यबस्थापन र स्रोत व्यवस्थापनका कार्यहरु गरिनेछन् ।

२०. अन्तरसरकारी वित्त हस्तान्तरणमा तोकिए बमोजिम बित्त हस्तान्तरण गर्नका लागि संघ तथा प्रदेशसंग समन्वय गरिनेछ भने गाउँपालिकाको आन्तरिक श्रोतलाई प्रभावकारी रुपमा परिचालन तथा उपयोग गर्ने पद्दति अवलम्बन गरिनेछ ।

२१. स्रोत साधनमा परेको चाप र सिमित स्रोत साधनमा उच्चतम उपलब्धि हासिल हुने गरी गाउँपालिका र वडा कार्यालयका चालु खर्च कटौती गरिनेछ। सम्पुर्ण वडा कार्यालयहरु, शाखा कार्यालयहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु, गाउँपालिका अस्पताल, गाउँकार्यपालिका कार्यालय लगायत सबै कार्यालयको मसलन्द सामाग्रीको समयमै टेन्डर आह्वान गरिनेछ ।साथै इन्धन एवं कार्यालय सम्बन्धी सामान र प्रशासनिक खर्चमा मितव्ययी तथा मापदण्डमा आधारित बनाइनेछ ।

२२. अत्यावश्यक बाहेक गाउँपालिकाले दुइ पाङ्ग्रे वा चार पाङ्ग्रे सवारी साधन खरीद गर्ने छैन ।

२३. विषयगत शाखा र वडाहरुले दोस्रो त्रैमासिक अवधिसम्म कूल बजेटको ५० प्रतिशत वा सोभन्दा भन्दा बढी खर्च गरेमा बजेट रकमान्तर तथा संशोधन गरिनेछैन ।

२४. बजेट तथा कार्यक्रम कार्यन्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि पृष्ठपोषण उपलब्ध गराइनेछ ।

फागुन मसान्त पछी रु.२० लाख भन्दा बढी लागत अनुमानका आयोजनाहरु सम्झौता नगर्ने नीति अबलम्वन गरिनेछ।

सामाजिक गाउँपालिका

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्षको बजेटका मुख्य- मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमानको विवरण प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

## (क)आर्थिक विकास

### कृषि तथा पशुपन्छी विकास

२५. किसानहरुलाइ प्रत्यक्ष सेवा टेवा पुग्ने गरी संघीय सरकारको सहयोगमा एक गाउँ एक प्राविधिकहरुको तलब भत्ता र कृषि स्नातक करारमा भर्ना गर्न रु.१० लाख ३६ हजार विनियोजन गरेको छु ।सानीभेरी गाउँपालिका भित्रका उच्च पहाडी भुभागमा सुन्तला खेतीको प्रचुर सम्भावना रहेकोले यसको बगैचा क्षेत्र विस्तार गर्न रु.४ लाख विनियोजन गरेको छु ।

२६.उत्पादन तथा बिक्रिमा आधारित अनुदान तथा कृषि उपज ढुवानीमा अनुदान मार्फत कृषि तथा पशुमा उत्पादन र उत्पादकत्व बढाउँदै ब्यावसायिक कृषि तथा पशु विकास तर्फ उन्मुख हुने विश्वास मैले लिएको छु ।उत्पादनमा आधारित कार्यक्रम अन्तर्गत कृषि र पशु क्षेत्रमा आवश्यक बजेट विनियोजन गरेको छु ।

२७. कृषिमा काम गर्ने ब्यवसायिक कृषकको परिचय पत्र वितरणका लागि रु.१ लाख विनियोजन गरेको छु ।सानीभेरी गाउँभित्रको उपयुक्त स्थानमा चिलिङ्ग भ्याट सहितको दुग्ध संकलन केन्द्र निर्माण गरी सञ्चालन गर्न रु.१ करोड विनियोजन गरेको छु ।

२८. पशुपन्छीमा लाग्ने महामारीजन्य रोग नियन्त्रण गरी स्वस्थ पशुको उत्पादन तथा बिक्री वितरण गर्न रु.३ लाख बजेट विनियोजन गरेको छु ।

२९. पशुमा लाग्ने विभिन्न संक्रामक रोगहरु खोरेत, भ्यागुते, चरचरे, स्वाइन फिबर, पिपिआर, लम्पिस्किन, रानीखेत लगायतका अन्य रोगहरु नियन्त्रण तथा निवारण गर्नको लागि आबश्यक पर्ने औषधी खरिद गर्नका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

३०. पशु सेवा शाखा र कृषि शाखा बाट कार्यन्वयन हुने कार्यक्रमहरुको लागि आवश्यक बजेट छुट्याएको छु ।कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रमको लागि रु.२ लाख विनियोजन गरेको छु ।

३१.नश्ल सुधारको लागि बोयरबोका वितरणको कार्यक्रमलाइ निरन्तरता दिएको छु ।सानीभेरी गा.पा. वडा नं.-२ मा रहेको भैसी स्रोत यो आर्थिक बर्ष देखी लिजमा सन्चालन गर्ने ब्यवस्था मिलाईने छ ।यसका लागि अनुदानको ब्यवस्था समेत गरिनेछ ।

३२.पशु विमा कार्यक्रमलाइ निरन्तरता दिएको छु।पशुमा लगाइने खोप सुरक्षित राख्न कोल्ड चेन ब्यवस्थापनका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।पशु आहार तथा स्वास्थ्य सुधारका लागि प्रोबायोटिक तथा घाँसको वीउ र विरुवा वितरण गर्नका लागि रु.१ लाख ५० हजार विनियोजन गरेको छु ।

३३.सानीभेरी गाउँपालिका वडा नं.१,२र ४ मा समूहमा आवद्ध ३८७ घरधुरीलाई सिजनल तरकारीको वीउ बितरण, गहुँको वीउ वितरण, प्लास्टिक घर निर्माण, पोषण बगैचा निर्माण, मौसमी फलफुलको

बिरुवा र  टिम्मुर बिरुवा वितरण सहयोग गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छ ।यसबाट आर्थिक उपार्जन संगै पोषण स्वास्थ्यमा सुधार हुने आशा मैले लिएको छ ।

**उद्योग ,पर्यटन, बन ,वाणिज्य,जलस्रोत तथा सिंचाइ**

३४. गाउँपालिकाको वडा नं ७ छोटेवगरमा निर्माणाधित सहिद स्मृति पार्क,युद्ध सङग्रालयलाई गाउँपालिका भित्रको पौराणिक कला ,भेषभुषा,मौलिकता साथै जनयुद्धमा प्रयोग भएका युद्ध सामाग्रीहरु संकलन गरि संग्रालय स्थापना गर्न रु.१० लाख  विनियोजन गरेको छ ।सानीभेरी गा.पा वडा नं.६ शहिद स्मृति पर्यटकीय पार्क निर्माण तथा ११ नं.वडामा हरितपार्क निर्माणका लागि रु.३० लाख विनियोजन गरेको छ ।

३५.राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथन सञ्चालन र ब्यवस्थापन गरी युद्ध र साहसिक पर्यटन संगसगै अनुपम जैविक विविधताको संरक्षण गर्न रु.८ लाख विनियोजन गरेको छ ।

३६.सानीभेरी गा.पा. वडा नं.-४ को मुसेखोला स्यानाखाली खत्रीटोल सिंचाई र सानीभेरी गा.पा.वडा नं.-९ को ग्याङखोला फर्साबोट सिचाँई कुलो निर्माणका लागि रु.३० लाख विनियोजन गरेको छ ।

३७.लघु उद्यम कार्यक्रम मार्फत उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी विकास गर्न तथा एडभान्स सिप विकास तालिम संचालन गर्न रु.१३ लाख विनियोजन गरेको छ ।

३८. पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुको विकास गर्न आवश्यक बजेट छुटयाएको छ ।यसरी समग्र आर्थिक विकास क्षेत्रका लागि रु. ३ करोड २ लाख १३ हजार ७३ रुपैया  अर्थात ६.२३ प्रतिशत विनियोजन गरेको छ ।

**(क) सामाजिक विकास**

**शिक्षा**

३९.गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा विद्यार्थी र विद्यालय अनुपातमा तहगत शिक्षकहरुको दरबन्दी कम भई पठपाठनमा समस्या भएको हुदाँ गाउँपालिकाको करार अनुदानमा कार्यरत शिक्षक तथा बालविकास शिक्षकहरु र स्थायी शिक्षक ब्यबस्थापन गर्नका लागि रु.१३ करोड ५७ लाख ६१ हजार १० बिनियोजन गरेको छ । यसबाट बिद्यालयहरुमा दरबन्दी अभावलाई कम गर्ने विश्वास लिएको छ ।

४०. शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि स्रोत केन्द्र मार्फत विद्यालयलाइ सुपरिवेक्षण गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छ ।

४१. विद्यालयमा शैक्षिक पूर्वाधारहरु भवन, प्रयोगशाला र अन्य सार्वजनिक सम्पतिहरुको निर्माण तथा मर्मत सम्भारका लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छ ।

४२. माध्यमिक र आधारतभुत तह ६-८ मा अंग्रेजी, गणित र विज्ञान बिषयमा शिक्षण सिकाई अनुदानमा शिक्षक ब्यबस्था गर्नका लागि रु.१ करोड ६४ लाख २ हजार बिनियोजन गरेको छ ।

सानीभेरी गाउँपालिका

४३. सार्वजनिक विद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउन रु.६० लाख ४८ हजार बजेट बिनियोजन गरेको छु ।

४४. कक्षा १-५ सम्मका बालबालिकाहरुका लागि दिवा खाजा ब्यबस्थापन गर्न रु.१ करोड २२ लाख ४२ हजार बिनियोजन गरेको छु । यसबाट बालबालिकाहरु नियमित विद्यालयमा आउने र पोषण स्वास्थ्यमा सुधार भई सिकाइ अभिवृद्दि हुने विश्वास लिएको छु ।

४५. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १-९ सम्मका विद्यार्थीहरुको बार्षिक परीक्षा संचालन तथा ब्यबस्थापन गर्नका लागि रु.८ लाख बिनियोजन गरेको छु ।

४६. स्थानीय बिषयको पाठयक्रम तथा पाठ्यपुस्तक निर्माण गर्न रु ५ लाख बिनियोजन गरेको छु ।कक्षा १-८ सम्मका छात्राहरु र दलित छात्राछात्रहरुलाई दिदै आएको छात्रवृतिलाई निरन्तरता दिएको छु ।सानीभेरी -५ को नेरामावि घापाघारको अपुरो/अधुरो भवन निर्माण सम्पन्न गर्नको लागी रु.२० लाख विनियोजन गरेको छु ।

४७. विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन तथा ब्यबस्थापन गर्न रु.६ लाख बजेट बिनियोजन गरेको छु ।विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

४८. शिक्षकहरुमा सक्षमता अभिवृद्दि गर्न तालिम, प्रशिक्षण तथा क्षमता विकासका कार्यक्रमहरुको लागि आबश्यक बजेट बिनियोजन गरको छु ।

४९. सामुदायिक माध्यमिक विद्यालयमा अध्ययनरत बालिकाहरुलाई लक्षित गर्दै महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याडको ब्यबस्था गर्न आबश्यक बजेट बिनियोजन गरेको छु ।

५०. प्राविधिक शिक्षामा पहुँच अभिबृद्धि गर्दै सीपमूलक शिक्षामा बढोत्तरी गर्न प्रत्येक बर्ष २ जना बिपन्न र आर्थिक तथा सामाजिक रुपले पिछडिएका बर्गका बिद्यार्थीहरुका लागि चिकित्सा शिक्षा अध्ययनका लागि लागत साझेदारीमा उच्च प्राविधिक शिक्षा उपलब्ध गराउन रु.१० लाख विनियोजन गरेको छु ।

५१.प्र.अ. र विद्यालय ब्यवस्थापन समितिलाइ नेपालका नमुना विद्यालय अवलोकन गराउन विद्यालयसंगको साझेदारीमा शैक्षिक भ्रमणको आयोजना गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

५२. सामुदायिक विद्यालयहरु सन्चालन तथा ब्यवस्थापनका लागि अनुदान स्वरुप रु.२८ लाख २० हजार ब्यवस्था गरेको छ । सामुदायिक विद्यालयमा अध्ययरत विद्यार्थीहरुका लागि रु.१६ लाख ७९ हजार विनियोज गरेको छु ।त्यसैगरी कक्षा ६-१२ का विपन्न विद्यार्थीहरुका लागि रु.१५ लाख ७९ हजार बिनियोजन गरेको छु । यसबाट विद्यालय छोड्ने दरमा कमी आई छात्राहरुको समेत विद्यालयमा पहुँच बढने अपेक्षा लिएको छु ।

सानीभेरी गाउँपालिका

५३.विपदको समयमा सिकाई निरन्तरताका लागि आपुरण योजना तथा द्रुत सिकाई योजना कार्यन्वयन गर्न रु.८ लाख बजेट विनियोजन गरेको छु । यसबाट भुकम्प जस्ता प्राकृतिक विपदमा पनि उत्थानशिल सिकाई अभ्यास र योजना बन्ने अपेक्षा लिएको छु ।

५४. Big School को अवधारणा कार्यन्वयन गर्न रासी ज्ञानोदय माविका लागि सवारी साधन खरिद साझेदारीको लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

५५. लैंगिक बालमैत्री संस्थागत शौचालय भेरी दोभान मावि वडा नं१ कालिका आवि वडा नं. वडा नं.५ सरस्वती मावि वडा नं.१० र कालिका आवि वडा नं.८ मा निर्माण गर्नका लागि रु.२७ लाख ३७ हजार विनियोजन गरेको छु । यस बाट विद्यालयको संस्थागत क्षमता थप विकास हुने अपेक्षा गरेको छु

५६. गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आवश्यक बिनियोजन गरेको छु ।

## स्वास्थ्य

५७. आधारभूत स्वास्थ्य सेवालाई नागरिकको पहुँच अभिबृद्धी गर्न उपचारात्मक र प्रबर्द्धनात्मक सेवाहरु उपलब्ध गराइनेछ । स्वास्थ्य सेवाका साथै अन्य सरसफाइका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको ब्यबस्था मिलाएको छु ।१५ शैयाको गाउँपालिका अस्पताल निर्माण कार्य यथासक्य शुरु गरी निर्माण सम्पन्न गराउने विषयमा गाउँपालिकाले आबश्यक पहल गरेको छ । आगामी आर्थिक बर्षमा १५ शैया अस्पताल निर्माण सम्पन्न भई संचालनमा आउने र यसमा स्रोतको अभाव नहुने विश्वास लिएको छु ।

५८. आर्थिक रुपमा अति विपन्न आकस्मिक दुर्घटना र सुत्केरी महिलालाइ जीवन रक्षाको लागी निशुल्क एम्बुलेन्स सेवाको लागि रु.१२ लाख विनियोजन गरेको छु। बिरामीहरुको सहज रुपमा स्वास्थ्य संस्थाहरुमा बिरामी पुर्याउनको लागि संचालन आएको एम्बुलेन्स सेवा व्यवस्थापन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

५९. गाउँपालिका अस्पताल र ११ वटै वडाका आधारभुत स्वास्थ्य चौकीहरुमा आवश्यक पर्ने अत्यावश्यक निशुल्क औषधी खरिदका लागि २५ लाख ९३ विनियोजन गरेको छु ।यसबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क हुने विश्वास लिएको छु ।मृगौला प्रत्यारोपण गरेका डायलाईलिस गराईरहेका क्यान्सर रोगी र मेरुदण्डका पक्षघात भएका विरामीहरुलाई औषधी उपचार खर्च वाफत मासिक रु.५ हजारका दरले उपलब्ध गराउनको लागि रु.८ लाख ३२ हजार ५ सय विनियोजन गरेको छु ।

६०. संघिय शसर्त अनुदानबाट कार्यन्वयन हुने गरी स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुमा पर्याप्त बजेट बिनियोजन गरेको छु ।

६१. गाउँपालिका अस्पत्तालमा कार्यरत कर्मचारी तथा स्वास्थयकर्मीहरुलाइ अतिरिक्त समय काम गरेवाफत परिमार्जित कार्यविधिका आधारमा  विशेष प्रोत्साहन उपलब्ध गराउन रु.६ लाख विनियोजन गरेको छु ।

६२. बालिकाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका साथै पोषणमैत्री स्थानीय तह घोषणाका लागि पोषण कार्यक्रम अन्तर्गत लागि रु.५ लाख ६० हजार  विनियोजन गरेको छु।

६३. परिवार नियोजन सेवा, प्रजनन रुग्णता सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा. मातृ तथा नवशिशु कार्यक्रम र नियमित खोप सृदृढीकरणका कार्यक्रमका लागि ५० लाख २१ हजार विनियोजन गरेको छु । यसबाट पुर्ण खोप सुनिश्चतता लगायत आमा र शिशु दुबैको स्वास्थ्यमा सुधार हुने अपेक्षा गरेको छु ।

६४. स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्य स्वयमसेविका लागि प्रोत्साहन र यातायात खर्चका लागि रु.१२ लाख ४८ हजार विनियोजन गरेको छु ।नागरिक उपचार सहायता कार्यक्रम अन्तर्गत रु.७ लाख विनियोजन गरेको छु ।

६५. स्वास्थ्य शाखाका लागि आवश्यक अन्य आवाश्यक बजेट विनियोजन गरेको छु ।

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण</u>**

६६. महिलाहरु विरुद्व हुने घरेलु हिंसा तथ हिंसापिडित महिलाहरुको आयआर्जनका लागि आबश्यक बजेट बिनियोजन गरेको छु । यसबाट  समाजमा  विभेद, शोषण तथा उत्पीडनलाई न्युनीकरण गर्न मद्दत मिल्ने विश्वास मैले लिएको छु ।

६७. जोखिममा रहेका बालबालिकाहरुलाई शैक्षिक सहयोग कार्यक्रम,आपतकालीन बाल उद्धार कोष र बालबालिकाको शसक्तिकरण कार्यक्रमको लागि रु .५ लाख बजेट विनियोजन गरेको छु ।

६८. सुरक्षित प्रजनन स्वास्थ्य अन्तर्गत मर्यादित महिनावारी ब्यवस्थापन सम्वन्धी नीति परामर्श कार्यशाला सासु बुहारी गोष्ठी र विभिन्न उत्सवहरुका लागि रु.४ लाख ७३ हजार विनियोज गरेको छु । यसबाट महिला प्रजनन स्वास्थ्यमा सुधारका साथै जनचेतना अभिवृद्धि हुने विश्वास लिएको छु ।

६९. लैङ्गिक समानता अपाङ्गत तथा सामामजिक समावेशीकरण योजना तथा नीति विश्लेषण योजना/ बजेटिङ का  लागि रु.१ लाख विनियोजन गरेको छु ।यसबाट जेण्डर कोडिङ बजेट गर्ने क्षमताको विकास हुने अपेक्षा लिएकी छु ।सामाजिक अन्धविश्वास तथा कुरिति विरुद्ध अभियान संचालन गर्न रु.१ लाख बजेट विनियोजन गरेको छु ।

७०. महिला, एकल महिला, दलित तथा अति बिपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुको आर्थिक तथा सामाजिक शसक्तीकरणका लागि आबश्यक बजेट बिनियोजन गरेको छु ।

७१.जेष्ठ नागरिकको मर्यादित र सम्मानित जीवनयापनका लागि जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

७२. महिला, बालबालिका र जेष्ठ नागरिक शाखाको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

७३.महिला संग उपाध्यक्ष कार्यक्रम अन्तर्गत महिलाहरुको आयआर्जन, एकल महिलाहरुको लागि सिलाइ कटाइ तालिम र प्रजनन स्वास्थ्य परिक्षणका लागि रु.४ लाख विनियोजन गरेको छु ।

७४. बिहे नगरि ४० वर्ष पुरा भएका तथा १२ बर्षसम्म निजको श्रीमान बेपत्ता भए कष्टकर एकल जीवन विताइरहेका एकल महिलालाई कार्यविधीका आधारमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्न रु.४ लाख विनियोजन गरेको छु ।

७५. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

७६.पालिका भित्र रहेका अति गरिब तथा विपन्न नागरिकको तथ्याङ्क संकलन गरी गरिव तथा विपन्न परिवार परिचय पत्र वितरणका लागि आवश्यक वजेटको ब्यवस्था गरेको छु ।

७७. दलित र गैरदलित बीच कानुनबमोजिम मागीअन्तरजातीय विवाह सम्पन्न गरेका नवजोडीलाइ सम्मान तथा पुरुस्कारको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु।

७८. महिला तथा बालबालिका लागि अन्य आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

७९. अति विपन्न सुत्केरी गर्भवती महिला तथा ६ देखी २३ महिना भित्रका ६५० बालबालिकाहरुलाई रु.१० हजार रकम उपलब्ध गराउन ६५ लाख विनियोजन गरेको छु ।यसले मातृ शिशु स्वास्थ्यमा सुधार हुने आशा लिएको छु ।

**युवा तथा खेलकुद**

८०. युवाहरुको क्षमता तथा नेतृत्व विकास गर्न युवा क्लब गठन, युवा समूह परिचालन र युवामा नवप्रवर्तनशील उद्यमशीलताको विकास जस्ता कार्यक्रमहरु संचालन आवश्यक बजेट ब्यवस्था गरेको छु ।

८१. श्रमको सम्मान सानीभेरीको अभियान अन्तर्गत विभिन्न सिप बिकासका कार्यक्रम सन्चालन गरी आत्मनिर्भर युवा बन्नका लागि प्रोत्साहन गर्न आबश्यक बजेट ब्यवस्था गरेको छु ।

८२. पालिका भित्र गौरवको रुपमा रहेको राष्ट्रिय मौराखारा गुरिल्ला म्याराथनलाई राष्ट्रिय खेलकुद परिषद तथा प्रदेश खेलकुद परिषद सँग साझेदारी गरी थप प्रभावकारी ब्यवस्थित बनाउन रु.८ लाख विनियोजन गरेको छु ।

८३. सानीभेरी गापाका उत्कृष्ट खेलाडीलाइ सम्मान तथा प्रोत्साहन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।विद्यायहरुमा गरिने पिटी लगायत खेलकुद प्रशिक्षणका लागि खेलकुद प्रशिक्षकको ब्यवस्था गरी विद्यालय स्तर देखी नै प्रतिभावान खेलाडी उत्पादन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।



सानीभेरी गाउँपालिका

**खानेपानी तथा सरसफाई**

८४. राङखोला लिफ्ट खानेपानी आयोजना सानीभेरी -११ संघीय सरकारको विशेष अनुदानको सम्पन्न गर्न रु.४० लाख विनियोजन गरेको छ ।विस्तारित खानेपानी सुरक्षा योजना कार्यक्रम कार्यन्वयन गर्न रु२ लाख ६८ हजार विनियोजन गरेको छ ।

८५. प्याङचेखोला टोड्के लिफ्ट खानेपानी योजना सानीभेरी -९ चिप्लेटाखोला गुडगुडे खानेपानी योजना सानीभेरी -५ तङपानी काँडा घरेली वडा नं.९ पातलखर्क वडा नं.५ ओखरेनी खर्कगाँउ भुईटाकुरा वडा नं.८ सुन्दरपानी वडा नं.४ र तुषारेखोला वडा नं.६ रोलखोला खानेपानी वडा नं.८ खानेपानी आयोजनाहरु सम्पन्न गर्न रु.१ करोड ४७ लाख ८२ हजार विनियोजन गरेको छ ।

८६. किदुरुख साईराभुन वडा नं.१ चिसामुल शहरे गाउँपोखरी वडा नं.७ गारेखोला नयाँपानी घोघनपानी पुनडेरा वडा नं.२ जारेसाझे ज्यामिरे खाली वडा नं.३ मुलखोला घारीखोला वडा नं.५ छहरेपानी स्याला टाकुरा वडा नं.८ रजैखोरिया दलिबस्ती वडा नं.१० पंचासेखोला भेरीखोला वडा नं.११ पधेरीखोला इजर वडा नं.४ भालदुला खामुहाले वडा नं.९ खोलाबोट माथिल्लो छहरा वडा नं.६ खानेपानी आयोजना मर्मत तथा पुननिर्माण गर्न रु.२ करोड १९ लाख विनियोजन गरेको छ ।

८७. नेपाल सकार ,वास परियोजना, सानीभेरी गाउँपालिका र जनताको संयुक्त साझेदारीमा गाउँपालिका भित्रका भुकम्पले क्षतिग्रस्त खानेपानी आयोजना पुननिर्माण मर्मत सम्भार गर्नका लागि रु. ३ करोड ६३ लाख ७ हजार विनियोजन गरेको छ । यसबाट सानीभेरी गाउँपालिका भित्रका खानेपानी आयोजनाहरु दिगो रुपमा ब्यवस्थापन भई आधारभुत स्तरको खानेपानी सेवामा जनताको पहुँच पुग्ने विश्वास लिएको छ ।

८८. कला, भाषा, साहित्य र संस्कृतिको विकास तथ प्रवर्द्धन गर्न आवश्यक बजेट छुटयाएको छ ।गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय पदमार्गहरु बनाउन आवश्यक बजेट ब्यवस्था गरेको छु।समग्रमा सामाजिक विकास क्षेत्रको लागि ३२ करोड ६५ लाख ५३ हजार ८ सय ९९ रुपैया अर्थात ६३.५५ प्रतिशत विनियोजन गरेको छ ।

**(ग) पूर्वाधार विकास**

८९. प्रदेश सरकारबाट हस्तान्तरित सम्पुरक योजना अन्तर्गत मुरीगाड बल्लेवास मेलचौर सडक सडकको लागि रु.१ करोड ४ विनियोजन गरेको छ ।

९०. भुकम्प पश्चातको पुननिर्माणमा आवश्यक पर्ने दक्ष मिस्त्री रुपमा विकास गर्न सीप विकास तालिम अन्तर्गत रु.३० लाख ४१ हजार विनियोजन गरेको छ ।

९१. सानीभेरी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु.२ करोड विनियोजन गरको छ ।

९२. गाउँपालिकाभित्रका सडकहरुको नियमित मर्मत तथा सभ्भार तथा स्तरोन्नति गर्नको लागि रु.५५ लाख बिनियोजन गरेको छ ।संघीय सरकारको अनुदानमा वडा नं.४ को बाधाँपानी सडकको मोडादेखी

रिटना गौलचौर सडका निर्माणका लागि रु.२० लाख विनियोजन गरेको छु ।यसले दुर्गम बस्तीका सडक सुधार तथा स्तोरोन्ति हुने विश्वास लिएको छु ।

९३.झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संघीय सरकारबाट रु.१५ लाख बिनियोजन गरेको छु ।कर्णाली प्रदेश सरकारको शसर्त अनुदान तथा मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चाख्लिमेला सडक स्तोरन्नति वडा नं.४, चाइनाबगर जंगलगाउँ सडक स्तोरोन्ति सानीभेरी -१, बाउनीखेत कल्लेरी कामीगाउँ सडक सानीभेरी-१, वडा कार्यालय भवन निर्माण सानीभेरी २ र ४, सरस्वती मावि अर्माडाँडा सानीभेरी-१०, सामुदियक भवन निर्माण सानीभेरी-११, चौखे सिरौला काप्रे कृषि सडक सानीभेरी -७, गरायला गाउँ खोपकेन्द्र निर्माण सानीभेरी-३,सामुदायिक भवन निर्माण सानीभेरी-२, शितल मावि पत्रैया विद्यालय घेरावार सानीभेरी -१, वडा कार्यालय घेरावार सानीभेरी -८ ,अर्मा स्वास्थ्य चौकी घेरावार तथा बाटो निर्माण सानीभेरी-११ र नेरामावि घापाघार घेरावार सानीभेरी -५ निर्माणका लागि रु.२ करोड ९९ लाख विनियोजन गरेको छु।

९४. डम्पिङ साइट निर्माण र सार्वजनिक शौचालय निर्माणका लागि उचित जग्गाको छनौट गरी निर्माणका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

९५. भैपरी आउने चालु र पूँजीगत खर्चका लागि रु.४४ लाख बिनियोजन गरेको छु । यसबाट गाउँपालिकामा आकस्मिक रुपमा आइपर्ने पूँजीगत तथा चालु कार्यक्रमहरु कार्यन्वयन गर्न सहज हुने विश्वास मैले लिएको छु ।

सूचना तथा संचार

९६. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्न रु.४ लाख बजेट विनियोजन गरेको छु ।

९७. सानीभेरी गाउँपालिका डिजिटल गाउँपालिका बनाउन गाउँपालिका कार्यालय ,वडाकार्यालय,स्वास्थ्य संस्था,विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न रु.८ लाख बजेट विनियोजन गरेको छु ।

९८. मौराखारा रेडियोलाइ थप ब्यवस्थित र सुदृढ बनाउन रु.५ लाख विनियोजन गरेको छु ।सानीभेरी गाउँपालिकाको विकास सुशासन र समृद्धिको क्षेत्रमा विशेप योगदान गर्ने पत्रकारहरलाइ सम्मान गर्न आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

९९. एक वडा एक पत्राकार विकास गर्नका लागि क्षमता विकास तालिममा आवश्यक विनियोजन गरेको छु । पुर्वाधार क्षेत्रमा समग्र बजेट रु.६करोड ५लाख ५३ हजार ८ सय ५४ अर्थात १२.६६ प्रतिशत विनियोजन गरेको छु ।



सानीभेरी गाउँपालिका

### (घ) सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र

#### श्रम तथा रोजगारी

१००. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकामा सूचीकृत भइ छनौटमा परेका बेरोजगारहरुलाई १०० दिनको रोजगारीको ब्यबस्था गर्न रु. ५६ लाख २८ हजार बजेट बिनियोजन गरेको छ । यसबाट आत्मनिर्भर स्वरोजगार तर्फ बेरोजगारहरु उन्मुख हुनेछन् भन्ने विश्वास मैले लिएको छु ।

१०१. सानीभेरी गाउँपालिका भित्रका ७०० घरधुरीलाई ४० दिन बराबरको काममा आधारित नगद अनुदान कार्यक्रमको लागि रु.२ करोड ५२ लाख र अति विपन्न काम गर्न नसक्ने ५२० घरपरिवार लाई ४० दिन बरबरको निशर्त अनुदान उपलब्ध गराउन रु १ करोड ८७ लाख २० हजार बिनियोजन गरेको छु । यसबाट काम र रोजगारी दुबै सिर्जना हुने विश्वास मैले लिएको छु ।

१०२. श्रमिकहरुले कार्यस्थलमा प्रयोग गर्ने औजार तथा सुरक्षा सामग्रीहरुको बन्दोबस्त गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।रोजगारीमा खटिनु पुर्व श्रमिकहरुलाई अभिमुखीकरण गर्न रु.१ लाख विनियोजन गरेको छु।

१०३. सानीभेरी गाउँपालिकाबाट सरकारी सेवाको प्रतिस्पर्धात्मक परीक्षामा सुधार ल्याउन शिक्षक सेवा आयोग तथा लोकसेवा आयोगसंग सम्बन्धित तयारी कक्षाहरु सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

१०४. कर्मचारीहरुको कार्यक्षमतामा सुधार ल्याइ सेवा र विकासका कार्यहरुमा सक्षमता अभिवृद्धि गर्नका लागि विभिन्न तालिम, प्रशिक्षण र गोष्ठीका कार्यक्रमहरुका लागि आबश्यक बजेट ब्यबस्था गरेको छु ।सिप विकास तालिमका लागि रु.२८ लाख ८० हजार विनियोजन गरेको छु ।

**<u>प्रशासकीय सुशासन</u>**

१०५. गाउँपालिका दोस्रो पञ्चबर्षीय आवधिक योजना ( २०८१/०८२- २०८५/०८६) निर्माण गरी योजनाबद्ध विकास प्रणाली अबलम्बन गर्न आबश्यक बजेट बिनियोजन गरेको छु ।

१०६. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग, सार्वजनिक सुनुवाइ, फाइबर नेट जडान र गाउँपालिकाको डिजिटल प्रोफाइल अद्यावधिक गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

१०७. भ्रष्टाचार प्रति शुन्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनुरुप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यन्वयनको ब्यबस्था मिलाएको छु ।न्यायिक समितिको परिचालन तथा संचालन मेलमिलाप केन्द्रलाई व्यवस्थित र प्रभाकारी बनाउन मेलमिलाप सम्वन्धी उत्कृट काम गर्ने मेलमिलाप कर्ताहरुलाइ कार्यविधिका आधारमा निश्चित पारिश्रमिकको ब्यवस्था गर्नको लागि रु. आवश्यक बजेट बिनियोजन गरेको छु ।गुनासो सुनुवाई संयन्त्र स्थापानाका लागि आश्यक बजेट ब्यवस्था गरेको छु ।

सानीभेरी गाउँपालिका

१०८. सहकारी संस्थाहरुको क्षमता विकास,सहकारी मर्जर,सहकारी मार्फत सस्तो पसल बिस्तार,सहकारीको नियमन र प्रवर्द्धन गर्नको लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

१०९. गाउँपालिकाका विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन,मूल्याङ्कन र अवलोकन तथा निरीक्षण गरी विकासमा गुणस्तरीयता अभिवृद्वी गर्न अनुगमन तथा मूल्याङ्कनका लागि आबश्यक बजेटको ब्यबस्था गरेको छु ।

११०. आगामी आब देखि एक झोलुङ्गे पुल एक संरक्षकको ब्यबस्था गर्न रु.१ लाख ५० हजार बजेट छुट्याएको छु ।

१११. सरकारी खर्चलाई विधिसम्मत र प्रभावकारी बनाई बेरुजु कायम नहुने गरी कार्यसम्पादन गर्न खर्च प्रणालीमा सुधार गर्ने र बेरुजु फछ्र्यौट कार्यलाई अभियानका रुपमा संचालन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु ।

११२. पारदर्शी सरकारको अवधारणलाई आत्मसाथ गर्न सरकारका नीति, नियम, कार्यक्रम र सूचना तथा जानकारीहरुलाई सार्वजनिकीकरण गरी प्राप्त पृष्ठपोषणलाई अबलम्बन गरिने व्यवस्था मिलाएको छु ।

११३. प्रत्येक वडामा घुम्ती सेवा,बार्षिक प्रगति समीक्षा,गुनासो सुन्ने मोबाइल एप्स निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति निर्माणका लागि रु.१ लाख विनियोजन गरेको छु ।

**बाताबरण, जलबायु परिवर्तन तथा विपद् ब्यवस्थापन**

११४. विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र पुनः स्थापना तथा पुनर्लाभिका कार्यहरु सञ्चालन तथा ब्यबस्थापन गर्न विपद् ब्यबस्थापन कोषको लागि रु.१५ लाख बजेट बिनियोजन गरेको छु ।

११५. गाउँपालिकामा जीविकोपार्जन,खानेपानी योजना, जलवायु परिवर्तन अनुकुलन र सुधारीएको चुलो लगायतका कार्यक्रमहरुका लागि आवश्यक बजेट ब्यवस्था गरेको छु ।

११६. भुकम्प प्रभावित क्षेत्रमा अति गरिव तथा विपन्न ४ घरपरिवारको घरपुननिर्माण गर्न रु.१६ लाख १६ हजार विनियोजन गरेको छु । भुकम्प प्रभावित वडाका आधारभुत स्वास्थ्य चौकी र विद्यालय भवन निर्माण गर्न रु.१ करोड ४९ लाख १० हजार विनियोजन गरेको छु ।

११७. बन,वाताबरण र जलवायु अनुकुलनका कार्यक्रमहरु कार्यन्वयन गर्नको लागि आबश्यक बजेट ब्यबस्था मिलाएको छु ।

११८. सानीभेरी नदिमा देखा पर्ने वेवारिसे लास तथा आकस्मिक दुर्घटना भइ ज्यान गुमाएका सानीभेरी बासीहरुको मृत लास परिक्षण गर्दा लाग्ने यातायात खर्चका लागि रु.२ लाख विनियोजन गरेको छु । यस क्षेत्रमा कुल बजेटको रु.५७ लाख ५५ हजार १ सय ५९ अर्थात १.१२ प्रतिशत छुट्याएको छु ।

सानीभेरी गाउँपालिका

**(ङ)कार्यालय संचालन तथा प्रशासनिक**

**११९.** सानीभेरी गाउँपालिका अन्तर्गतका वडा कार्यालय शाखा कार्यालय गाउँपालिका अस्पत्ताल विद्यालयहरु कार्यरत कर्मचारी तथा अनुदान शिक्षकको तलब भत्ता कर्मचारीको तलब भत्ता कार्यालय संचालन खर्चका लागि रु.८ करोड ४४ लाख ७७ हजार ५ सय १५ अर्थात १६.४४ प्रतिशत विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय**

**१२०.** अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनको लागि बजेट बिनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यन्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि स्थानीय सञ्चित कोषबाट  हुने व्ययभार तर्फ रु.५१ करोड ३८ लाख ५३ हजार ५ सय १ बिनियोजन गरेको छु । यस बाहेक सानीभेरी गाउँपालिका संग लागत साझेदारिमा कार्यरत विभिन्न गैसरकारी संघ संस्थाको रु.१५ करोड ५० लाख ३३ हजार ५ सय ५५ गरी कुल बजेट रु.६६ करोड ८८ लाख ८७ हजार ५६ रुपैंया हुने अनुमान गरेको छु ।

**१२१.** आगामी आर्थिक वर्षको लागि कुल बिनियोजित खर्च रु.५१ करोड ३८ लाख ५३ हजार ५ सय १ मध्ये चालुतर्फ रु.३८२३०७०११ (**अक्षेरेपी अठतिस करोड तेईस लाख सात हजार एघार** ) अर्थात ७४.४० प्रतिशत र पुँजीगतमध्ये रु.१३१५४६४९८ (**अक्षेरेपी तेह्र करोड पन्ध्र लाख छयालीस हजार चार सय अन्ठानब्बे** )अर्थात २५.६० प्रतिशत रहने अनुमान गरेको छु ।

**१२२.** आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजश्वबाट रु १ करोड ३४ लाख, स्थानीय तह राजस्व बाँडफाँड रु.३० लाख  संघबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.९करोड ६१ लाख १ रुपैया, संघबाट प्राप्त हुने समानीकरण अनुदान रु.९ करोड १२ लाख, कर्णाली प्रदेशबाट प्राप्त हुने राजश्व बाँडफाँडबाट रु.९ लाख ६७ हजार ८ सय ४० , कर्णाली प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान रु.९७ लाख ५३ हजार,संघबाट प्राप्त हुने शसर्त अनुदान चालू तर्फ रु.२१ करोड ६६ लाख ६० हजार ५ सय , शशर्त अनुदान पूँजीगत तर्फ रु.३ करोड १९ लाख ६६ हजार र विशेष अनुदान पुँजीगत ४० लाख र कर्णाली प्रदेश  समपुरक अनुदान रु. ५२ लाख शसर्त अनुदान पुँजीगत रु. ३ करोड ५९ लाख शसर्त अनुदान चालु रु.२० लाख १५ हजार  र गाउँपालिकाको गत आ.व.को नगद मौज्जात रु.३६ लाख ६१ हजार १ सय ६० प्राप्त हुने अनुमान गरेको छु । यसमा विभिन्न गैरसरकारी संघ संस्थाको लागत साझेदारी रु.१५ करोड ५० लाख ३३ हजार ५ सय ५५ हुने प्रक्षेपण गरेको छु ।

सानीभेरी गाउँपालिका

**सभाध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्ष २०८०/०८१ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत् गर्ने अनुमति चाहन्छु ।**

**राजश्व परिचालनको नीति तथा कार्यक्रम**

१२३. राजश्व परामर्श समितिको परामर्श तथा सुझाव र राजश्व सुधार कार्ययोजना २०८१ अनुसार राजश्वका नयाँ क्षेत्रको पहिचान गरी संकलन तथा दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छ ।

१२४.करदाताको कर आफ्नै गाउँपालिकाको सेवा र विकासको लागि हो भन्ने मान्यतलाई आत्मसाथ गर्दै करदाता शिक्षा संचालन गर्ने ब्यवस्था मिलाएको छ ।

१२५. स्थानीय तहलाई प्राप्त कराधिकारका क्षेत्रहरु सम्पति कर, भूमि  कर, घर बहाल कर, व्यवसाय कर ,जडिबुटी कवाडी र जीवजन्तु कर सवारी साधन कर विज्ञापन कर मनोरञ्जन कर बहाल बिटौरी कर  सेवा शुल्क पर्यटन शुल्क लगायतमा कर असुली गर्ने ब्यबस्था मिलाएको छ ।

१२६. भूमि तथा मालपोतमा चालू आर्थिक बर्षको माघ मसान्तसम्म कर तिर्दा ५ प्रतिशतसम्म कर छुट दिने व्यवस्था मिलाएको छ ।

१२७. गाउँपालिका र वडास्तरमा संकलन भएको कर मासिक रुपमा सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाएको छ ।

१२८.कर संकलन,दायरा विस्तार र कर छुट सम्बन्धी ब्यबस्था कानुन बमोजिम हुने गरी मिलाएको छ ।

**सभाध्यक्ष महोदय,**

१२९. आर्थिक वर्ष २०७९/ ०८०  को  यथार्थ खर्च, आर्थिक वर्ष २०८०/ ०८१ को संशोधित अनुमान र आगामी आर्थिक बर्ष २०८१/०८२ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान यसैसाथ पेश गरेको छु । अनुमानित आय-व्ययको बिवरण अनुसूचीमा उल्लेख गरेको छु ।

१३०. आर्थिक बर्ष २०८१/०८२ को बजेट कार्यन्वयनमा आर्थिक , सामाजिक, पूर्वाधार विकास, पुनिर्माण र समग्र गाउँपालिकाको विकास तथा समृद्धिका आकाक्षाहरु पूरा हुने अभिलाषा लिएको छु । साथै सेवा,विकास र सामाजिक समानता सहितको न्याय मार्फत समृद्ध सानीभेरी गाउँपालिका निर्माण गर्ने ध्येयले प्रस्तुत गरिएको बजेट कार्यन्वयनमा सम्बद्ध सबै पक्षको रचनात्मक सहयोग तथा सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

१३१. समृद्ध सानीभेरी सुखारी सानीभेरीबासीको सपनालाई साकार पार्न बजेटले लिएका उद्देश्य तथा प्राथमिकताहरु कार्यन्वयन भई नागरिकको जीवनस्तरमा अपेक्षित सुधार हुने तिव्र  गतिको पुननिर्माण मार्फत जनजीवन पुरानै लयमा फर्केने विश्वास लिएको छु । बजेट निर्माणको क्रममा सहयोग गर्ने गाउँपालिका अध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत र  सुझाव प्रदान गर्ने राजनीतिक दल, पूर्व जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र,नागरिक समाज, सञ्चार जगत,

सानीभेरी गाउँपालिका

साझेदार संघ संस्था,बुद्धिजीवी र स्वदेश तथा विदेशमा रहनुहुने आम सानीभेरी गाउँपालिकाबासी सबैलाई हार्दिक  आभार र धन्यवाद प्रकट गर्दछु ।

**।।।।।धन्यवाद ।।।।**

**कमला रोका पुन**

**उपाध्यक्ष**

सानीभेरी गाउँपालिका